त्रिभुवन विश्वविद्यालय
विज्ञान तथा प्रविधि अध्ययन संस्थान
डीनको कार्यालय
परीक्षा शाखा
बल्खु

**चार वर्षे स्नातक तह कम्प्यूटर विज्ञान तथा सूचना प्रविधि (B.Sc.CSIT) विषयमा २०७८ सालको नयाँ विद्यार्थी भर्नाका लागि प्रवेश परीक्षा सम्वन्धी सूचना**

त्रिभुवन विश्वविद्यालय, विज्ञान तथा प्रविधि अध्ययन संस्थान अन्तर्गतका आंगिक क्याम्पस तथा सम्वन्धन प्राप्त कलेजहरुमा पठन पाठन हुने विज्ञान तर्फ चार वर्षे स्नातक तह कम्प्यूटर विज्ञान तथा सूचना प्रविधि (B.Sc.CSIT) विषयमा भर्ना हुन इच्छुक विद्यार्थीहरुको निमित्त २०७८ सालको लागि निम्नानुसारको प्रवेश परीक्षा तथा नयाँ भर्ना सम्वन्धी कार्यक्रम प्रकाशित गरिएको छ ।

**प्रवेश परीक्षा सम्वन्धी कार्यकम :**

-विज्ञान तथा प्रविधि अध्ययन संस्थानको प्रवेश परीक्षा सम्वन्धी webpage https://www.entrance.tuiost.edu.np मा आवेदक स्वयम्ले भरी Online बाट नै आवेदन सोही website मार्फत Submit गर्नुपर्ने छ । उक्त webpage मिति २०७८।०९।११ गते विहान १०:०० बजे देखि Deploy गरिने छ ।

- **आवेदन फाराम बुझाउने मिति :** २०७८।०९।११ गते विहान १०:०० बजे देखि मिति २०७८।१०।०४ गते सम्म ।
- **दोब्बर दस्तुर :** २०७८।१०।०५ गते देखि २०७८।१०।११ गते साँझ ५:०० बजे सम्म ।
- **आवेदन फाराम दस्तुर :** प्रवेश परीक्षा शुल्क रु.१५००।-(अक्षेरुपी एक हजार पाँच सय मात्र) ।
- **प्रवेश परीक्षा हुने मिति, समय र केन्द्र :** पछि प्रकाशित गरिने छ ।

विस्तृत जानकारीको लागि **website: https://www.tuiost.edu.np** वाट **download** गरी हेर्न सकिने छ ।

मिति:२०७८।०९।०४

सहायक डीन

त्रिभुवन विश्वविद्यालय
विज्ञान तथा प्रविधि अध्ययन संस्थान
डीनको कार्यालय, परीक्षा शाखा, बल्खु

**सेमेष्टर परीक्षा प्रणाली अनुसार चार वर्षे स्नातक तह कम्प्यूटर विज्ञान तथा सूचना प्रविधि (B.Sc.CSIT) विषयमा २०७८ सालको नयाँ विद्यार्थी भर्नाका लागि प्रवेश परीक्षा सम्वन्धी सूचना**

त्रिभुवन विश्वविद्यालय, विज्ञान तथा प्रविधि अध्ययन संस्थान अन्तर्गतका आंगिक क्याम्पस तथा सम्बन्धन प्राप्त कलेजहरुमा सेमेष्टर परीक्षा प्रणाली अनुसार पठन पाठन हुने विज्ञान तर्फ चार वर्षे स्नातक तह कम्प्यूटर विज्ञान तथा सूचना प्रविधि (B.Sc.CSIT) विषयमा भर्ना हुन इच्छुक विद्यार्थीहरुको निमित्त २०७८ सालको लागि निम्नानुसारको प्रवेश परीक्षा तथा नयाँ भर्ना सम्बन्धी कार्यक्रम प्रकाशित गरिएको छ।

१. **आवेदनको लागि न्यूनतम योग्यता :**

(क) त्रि.वि. वा त्रि.वि.बाट मान्यता प्राप्त शिक्षण संस्थाबाट विज्ञान विषयमा भौतिक शास्त्र र गणित विषय १००/१०० पूर्णाङ्क लिई प्रविणता प्रमाण पत्र तह (I.Sc.) वा सो सरहको परीक्षामा कम्तिमा दोश्रो श्रेणीमा उत्तीर्ण गरेको वा माध्यमिक विद्यालयबाट विज्ञान विषयमा भौतिक शास्त्र र गणित विषय लिई कक्षा ११ र कक्षा १२ मा प्रत्येक विषयमा अन्तिम ग्रेड C वा उच्च माध्यमिक विद्यालयबाट विज्ञान विषयमा भौतिक शास्त्र र गणित विषय १००/१०० पूर्णाङ्क लिई कक्षा ११ र कक्षा १२ वा सो सरहको परीक्षामा कम्तिमा दोश्रो श्रेणीमा उत्तीर्ण गरेको हुनु पर्ने।

(ख) A Level विज्ञान विषयमा (भौतिक शास्त्र र गणित विषय १००/१०० पूर्णाङ्क लिई) कम्तिमा D Grade प्राप्त गरेको हुनुपर्ने।

(ग) CTEVT बाट Three Years Diploma Engineering विषयमा (भौतिक शास्त्र र गणित विषय १००/१०० पूर्णाङ्क लिएको हुनुपर्ने) कम्तिमा दोश्रो श्रेणीमा उत्तीर्ण गरेको हुनु पर्ने।

(घ) विदेशी शैक्षिक संस्था वा विश्वविद्यालयबाट प्राप्त गरेको शैक्षिक योग्यताको हकमा पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुरबाट समकक्षता प्राप्त गरेको कागजात पेश गर्नुपर्ने।

२. **आवेदन प्रक्रिया Completely Online :**

(क) विज्ञान तथा प्रविधि अध्ययन संस्थानको webpage https://www.entrance.tuiost.edu.np मा राखिएको प्रवेश परीक्षाको आवेदन फारम आवेदक स्वयम्ले भरी Online बाट नै सोही Website मार्फत Submit गर्नुपर्ने छ।

(ख) Website मा Online फारम २०७८।०९।११ गते विहान १०:०० बजे देखि मिति २०७८।१०।०४ गते साँझ ५:०० बजे सम्म मात्र उपलब्ध हुनेछ। तोकिएको समय पश्चात Online फारम स्वत: बन्द हुनेछ।

(ग) आवेदन फारम Internet सुविधा भएको कुनै पनि स्थानबाट तोकिएका दिनहरुमा कुनै पनि समयमा भर्न सकिने छ।

(घ) प्रवेश परीक्षा शुल्क बापतको रकम रु.१,५००।- (अक्षेरुपी एक हजार पाँच सय मात्र) नेपाल भित्रको ग्लोबल आई.एम.ई.बैंक लि.को कुनै पनि शाखाबाट विज्ञान तथा प्रविधि अध्ययन संस्थान प्रवेश परीक्षाको लागि सो बैंकबाट तयार गरिएको विशेष भौचर भरी यस कार्यालयको ग्लोबल आई.एम.ई.बैंक लि., कीर्तिपुर शाखामा रहेको खाता नं. ०५०१०१०००००२३ मा जम्मा हुने गरी बुझाएको हुनु पर्नेछ। साथै Connect IPS/eSewa/Khalti मार्फत पनि शुल्क जम्मा गर्न सकिने छ। Online फारम भर्दा बैंकको भौचर नम्वर वा Transaction ID number (Connect IPS/eSewa/Khalti को लागि) अनिवार्य रुपमा भर्नु पर्नेछ। आवेदकहरुले परीक्षा शुल्क मिति २०७८।१०।०४ गते अपरान्ह ३:०० बजे सम्म दाखिला गरी सक्नु पर्नेछ र आवेदन फारम भने साँझ ५:०० बजे सम्म भरि सक्नु पर्नेछ। बैंक भौचर काटी सकेपछि परीक्षा शुल्क बापत बुझाएको रकम फिर्ता हुने छैन।

(ङ) दोब्बर दस्तुर तिरी Online फारम २०७८।१०।०५ गते विहान १०:०० बजे देखि मिति २०७८।१०।११ गते साँझ ५:०० बजे सम्म मात्र उपलब्ध हुनेछ ।

च) आवेदकले फारम भर्दा Online मा उपलब्ध निर्देशनलाई अनिवार्य रुपले पालना गर्दै जानकारीहरु तथा Upload गर्नु पर्ने सामाग्रीहरु सहित Submit गर्नु पर्नेछ । आवेदनको न्युनतम योग्यता प्रमाणित गर्न सर्टिफिकेट/ट्रान्सक्रिप्ट/समकक्षता प्रमाणपत्र इत्यादी तथा हस्ताक्षर सहितको MRP Standard फोटो लगायतका सामाग्रीहरु तयार गरेपछि मात्र फारम भर्न सूचित गरिन्छ ।

छ) Online बाट परीक्षा फारम भरी Submit गरी सकेपछि तत्कालै प्राप्त हुने Acknowledgement Page Print गर्नुपर्नेछ ।

ज) मिति २०७८।१०।०६ गते देखि Online माध्यमबाटै चरणबद्ध रुपमा प्रवेश पत्र उपलब्ध गराईने छ । उक्त प्रवेश पत्र Download गरी Color Print गर्नु पर्नेछ । परीक्षामा सामेल हुन अनिवार्य रुपले प्रवेश पत्र सहित आफुले तोकेको जिल्ला/केन्द्रमा जानु पर्नेछ । प्रवेश पत्रको साथै आफ्नो परिचय खुलाउने फोटो सहितको ID (जस्तै नागरिकता प्रमाणपत्र वा सवारी चालक प्रमाणपत्र वा पछिल्लो शैक्षिक तहको प्रवेशपत्र) पनि ल्याउनु पर्नेछ ।

**३. Online फारम भर्दा नै विद्यार्थीहरुले परीक्षा दिने जिल्ला रोज्नु पर्नेछ । ति निम्न हुने छन् ।**

| | | |
|---|---|---|
| (क) काठमाडौं उपत्यका | (ख) झापा | (ग) मोरङ |
| (घ) सुनसरी | (ङ) धनुषा | (च) पर्सा |
| (छ) कास्की | (ज) चितवन | (झ) रुपन्देही |
| (ञ) दाङ | (ट) बाँके | (ठ) कन्चनपुर |

४. **प्रवेश परीक्षा हुने मिति, समय र केन्द्र :** पछि प्रकाशित गरिने छ ।

५. **प्रवेश परीक्षा सम्वन्धी जानकारी :**

(क) प्रवेश परीक्षाको अंकभार १०० पूर्णाङ्कको हुनेछ । जसमा I.Sc./११ र १२ वा सो सरहको पाठ्यक्रमको आधारमा गणित, भौतिक शास्त्र, रसायन शास्त्र र अंग्रेजी विषयहरुको २५/२५ अंकहरुको Objective/Multiple Choice प्रश्नहरु हुनेछन् ।

(ख) प्रवेश परीक्षाको अवधी २ घण्टाको हुनेछ ।

(ग) प्रवेश परीक्षा उत्तीर्ण हुन पूर्णाङ्कको ३५% अंक प्राप्त गर्नु पर्ने छ ।

(घ) प्रवेश परीक्षाको नतिजामा परीक्षार्थीहरुले बराबर अंक प्राप्त गरेमा प्रवेश परीक्षामा गणित विषयमा प्राप्त गरेको अंकको आधारबाट योग्यता सूची तयार (Placement) गरिने छ । त्यहाँ पनि बराबर अंक भएमा क्रमश: भौतिक शास्त्र, रसायन शास्त्र र अंग्रेजी विषयमा प्राप्त गरेको अंकलाई आधार बनाईने छ । सबैमा बराबर अंक भएको अवस्थामा क्रमश: तल्लो शैक्षिक तहलाई आधार वनाईने छ । यी आधारबाट प्राप्त अंकहरु प्रकाशित हुने छैनन् ।

६. **कक्षा संचालन :** पछि प्रकाशित गरिनेछ ।

७. **भर्ना** : प्रवेश परीक्षाको नतिजा पश्चात हरेक परीक्षार्थीले आ-आफ्नो Score Sheet Download गर्नु पर्नेछ । नतिजा प्रकाशित भए लगत्तै परीक्षार्थीहरुलाई प्राथमिकता फारम (Priority Form) भराइनेछ । इच्छुकहरुले आफूले पढन खोजको क्याम्पस/कलेजहरुको नाम तोक्न पाईने छ । एउटा क्याम्पस/कलेज मात्र तोक्दा शुल्क लाग्ने छैन । थप दस वटा क्याम्पस/कलेज सम्म तोक्दा रु.२०० (अक्षेरुपी दुई सय मात्र) शुल्क लाग्ने छ । सो शुल्क पनि बुँदा २ (घ) मा उल्लेख भए अनुसारको प्रक्रिया अपनाई बुझाउनु पर्ने छ । शुल्क बुझाउदा भौचरमा परिक्षार्थीको नाम र योग्यताक्रम स्पष्ट बुझिने गरी लेख्नु पर्ने छ ।

विज्ञान तथा प्रविधि अध्ययन संस्थान केन्द्रीकृत भर्ना अनुगमन समितिको कार्यविधि २०७८ अनुसार भर्ना प्रक्रिया हुने छ । सो कार्यविधि यस कार्यालयको Website बाट मिति २०७८।१०।०५ गते उपलब्ध हुनेछ ।

८. **समावेशी कोटा सम्बन्धमा :** क्याम्पस/कलेजहरुले त्रि.वि.सेमेष्टर प्रणाली संचालन विनियम, २०७४ ले तोके बमोजिम समावेशी कोटाको आधारमा भर्ना गर्नु पर्नेछ । सोको जानकारीका लागि समावेशी फारम यस कार्यालयको website मा राखिने छ ।

मिति:२०७८।०९।०४

सहायक डीन